# के लैंगिकताले शान्ति निर्माणमा प्रभाव पार्दछ ?

## नेपालको शान्ति मार्गचित्र सम्बन्धि एक परिमाणात्मक अध्ययन


### सारांश

एक दशक लामो सशस्त्र द्वन्द्वको विधिवत अन्त्य गर्ने उद्देश्यले नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का बिच २०६३ साल मंसिर ५ बृहत् शान्ति सम्झौतामा हस्ताक्षर भयो । सशस्त्र द्वन्द्वको असर देशको अधिकांश क्षेत्रमा परेको थियो। यससन्दर्भमा भएको बृहत् शान्ति सम्झौता एक स्वागत योग्य कदम थियो । यद्यपि, स्थायी शान्ति स्थापनाका लागि जनसहभागिता आवश्यक हुन्छ ।

नेपालको शान्ति निर्माण प्रक्रिया मूल्याङ्कनका लागि ६ जिल्लाका करिब १ हजार महिला र पुरुषबिच गरिएको सर्वेक्षणको उपलब्धिको सारांश यस प्रतिवेदनले प्रस्तुत गर्दछ । यसमा मेलमिलाप र सत्य बताउने दृष्टिकोण समावेश छ । द्वन्द्वका कारण मानिसको मानसिक स्वास्थ्यमा असर पुगेको छ भन्ने यस सर्वेक्षणको निष्कर्ष छ । यसैगरी, मानिसमा अर्को व्यक्ति र संस्थाप्रतिको विश्वासमा पनि कमी आएको छ भन्ने देखाउँछ । सर्वेक्षणमा महिला र पुरुषको नतिजामा महत्वपूर्ण फरक देखिन्छ । शान्ति स्थापनाका संयन्त्रहरूको निर्माण र कार्यान्वयन गर्दा गम्भीरतापूर्वक ध्यान दिन प्रतिवेदनको निष्कर्षले सुझाएको छ ।


### मुख्य निष्कर्ष:

- आघातजन्य घटनापछि देखिने तनाव (PTSD) को स्तर उच्च छ । मनोसामाजिक सहायताद्वारा यसको सम्बोधन गर्न पर्छ ।
- ४ % व्यक्तिहरू हिंसा दोहोरिन सक्ने आशंका (चिन्ता) व्यक्त गर्दछन् । ३४ % व्यक्ति दैनिक जीविकोपार्जनका लागि सङ्घर्षरत छन् ।
- सर्वेक्षणमा सहभागी केही उत्तरदातामात्र समाजका अन्य समूहहरूद्वारा हुन सक्ने खतरा/त्रास महसुस गर्दछन् । यद्यपि, अन्तर व्यक्ति विश्वासको स्तर एकदमै कम छ । पुरुषहरूको तुलनामा महिलाले अरु व्यक्तिप्रति कम विश्वास गरेको पाइयो ।
- शान्ति निर्माण गर्ने संयन्त्रका बारेमा थोरै व्यक्तिहरू मात्र जानकार छन् । शान्ति निर्माणसँग सम्बन्धित कार्यक्रममा उनीहरू सहभागी भएका छन् । द्वन्द्व प्रभावित व्यक्तिहरूको शान्ति निर्माणका संयन्त्रहरूमा प्रभावकारी सहभागिता सुनिश्चित गर्न र प्रोत्साहित गर्न सूचना आदान प्रदानमा गर्ने तरिकामा सुधार गर्नु जरुरी छ ।
- सत्य बताउने प्रक्रिया आफैंमा महत्वपूर्ण छ, तर पनि यो प्रक्रियामा सहायता पुऱ्याउन महिलाले केही असहज महसुस गरेको पाइयो ।


| | |
|---|---|
| डा. प्रकाश भट्टराई | सामाजिक परिवर्तन केन्द्र, काठमाडौं |
| डा. करेन ब्रोउनिस | उपशाला विश्वविद्यालय, स्वीडेन |
| डा. इरिका फ्रोसबर्ग | उपशाला विश्वविद्यालय, स्वीडेन |
| श्री पवन राय | सामाजिक परिवर्तन केन्द्र, काठमाडौं |

UPPSALA UNIVERSITET

Centre for Social Change

सामाजिक परिवर्तन केन्द्र


## परिचय

एक दशक लामो सशस्त्र द्वन्द्वका क्रममा महिला तथा पुरुषले गरेका अनुभव, वर्तमान समयमा उनीहरूको मनोसामाजिक स्वास्थ्य र शान्ति निर्माण प्रक्रियाका सम्बन्धमा धारणा जान्ने उद्देश्यले स्वीडेनको उपसाला विश्वविद्यालय र नेपालको सामाजिक परिवर्तन केन्द्रको सहकार्यमा सन् २०१८ (२०७४ सालमा) मा एक सर्वेक्षण गरिएको थियो । यो प्रतिवेदनमा सर्वेक्षणका निष्कर्षहरूको सारांश प्रस्तुत गरिएको छ ।

## अध्ययनको विधि

नेपालका ६ वटा जिल्लाका करिब १ हजार जना (५०% महिला र ५०% पुरुष) ले यस सर्वेक्षणमा भाग लिएका थिए । द्वन्द्वको प्रभावका आधारमा ती ६ वटा जिल्लालाई उच्च द्वन्द्व प्रभावित क्षेत्र (HCA) र कम द्वन्द्व प्रभावित क्षेत्र (LCA) का रूपमा वर्गीकरण गरिएको थियो ।

नेपालको पूर्वी क्षेत्रका जिल्लाहरू सुनसरी, मोरङ र झापालाई कम द्वन्द्व प्रभावित क्षेत्र अन्तर्गत छनौट गरिएको थियो भने मध्यपश्चिम क्षेत्रमा पर्ने बर्दिया, सुर्खेत र दाङ जिल्लालाई उच्च द्वन्द्व प्रभावित जिल्लाहरूका रूपमा लिइएको थियो । ती ६ वटा जिल्लाहरूको नक्सा तल दिइएको छ । उच्च द्वन्द्व प्रभावित जिल्लालाई नीलो रङ र कम प्रभावित जिल्लाहरूलाई सुन्तला रङले सङ्केत गरिएको छ ।




चित्र : अध्ययन गरिएका जिल्लाहरूको नक्सा

नगरपालिका/गाउँपालिका, वार्ड र वार्ड भित्रका साना बस्तीहरूको छनौट गर्दा स्पष्ट वैज्ञानिक विधि (Random) र जनसङ्ख्याको अनुपात र लैङ्गिक सन्तुलनलाई आधार मानिएको थियो । यो अध्ययनको नमूना ६ वटा जिल्लाहरूबाट मात्र लिइएको हुनाले यस अध्ययनको निष्कर्षले समग्र देशको अवस्थालाई प्रतिनिधित्व गर्दैन । यसलाई समग्रतामा सामान्यिकरण गर्न पनि सकिँदैन । यद्यपि यस अध्ययनका निष्कर्षहरूको सान्दर्भिकता राष्ट्रिय सर्न्दभ वा कम्तीमा अध्ययन गरिएका जिल्लाहरूसँग मिल्दोजुल्दो ठाउँका लागि हुन सक्छ ।

यो सर्वेक्षणको तथ्याङ्क सङ्कलन गर्ने कार्य इलेक्ट्रोनिक ह्यान्डहेल्ड डिभाइस (ट्याबलेट) हरूको प्रयोगबाट गरिएको थियो । प्रश्नसँग सम्बन्धित आफ्ना प्रतिक्रिया उत्तरदाता स्वयम्ले (व्यक्तिगत रूपमा) गोप्य रूपमा टाइप गर्न सक्दथे । उत्तरदाताहरूले अध्ययन कार्यमा संलग्न अनुसन्धानकर्ताहरूको सहयोग लिन चाहेमा त्यो विकल्पको पनि छनौट गर्न सक्थे । यस अध्ययनका लागि खटिएका सर्वेक्षणकर्ताहरूको चयन सम्बन्धित जिल्लाहरूबाट नै गरिएको थियो । अनुसन्धान कार्यमा खटिनुपूर्व अनुसन्धानकर्तालाई तीन दिने तालिममा अनुसन्धान र अनुसन्धान आचारसंहिताका बारेमा जानकारी प्रदान गरिएको थियो । अनुसन्धानकर्ताले एक जना उत्तरदातासँग औसतमा करिब एक घण्टा समय बिताएका थिए ।

प्रश्नावलीमा जम्मा ९५ वटा प्रश्नहरू समावेश थिए । ती प्रश्नहरूलाई सात ओटा शीर्षकमा विभाजन गरिएको थियो । जसमा, जनसांख्यिक सूचना, आघातजन्य घटनापछि देखिने तनावको स्तर (PTSD) लक्षणहरू, परिवारमा हिंसाको अनुभव, सहनशीलताका कारकहरू, शान्ति निर्माणप्रतिको दृष्टिकोण र लैङ्गिक समानताप्रतिको दृष्टिकोण समावेश थिए । यो प्रतिवेदनमा मुख्यतयाः शान्ति निर्माणका सर्न्दभमा व्यक्तिहरूको मनोवृत्ति र मनोसामाजिक स्वास्थ्यका सर्न्दभमा समग्र उत्तरदाताहरूको प्रतिक्रिया समावेश गरिएको छ । साथै ती विषयहरूमा महिला र पुरुषहरूको प्रतिक्रियाहरू फरक भएको हकमा लैङ्गिकतामा आधारित नतिजालाई समेत उल्लेख गरिएको छ । प्रतिवेदनमा उच्च द्वन्द्व प्रभावित र कम द्वन्द्व प्रभावित जिल्लाहरूबिचको नतिजामा देखिएको भिन्नतालाई पनि प्रस्तुत गरिएको छ ।

## मुख्य नतिजाहरू

### १.मानसिक स्वास्थ्य

अध्ययनमा सहभागी उत्तरदाताहरूको मानसिक स्वास्थ्यलाई मापन गर्ने गरी सर्वेक्षणको प्रश्नावलीमा विभिन्न प्रश्नहरू समावेश गरिएको थियो । उत्तरदाताहरूलाई उनीहरूको

मानसिक स्वास्थ्यलाई स्वमूल्याङ्कन गर्नका लागि सोधिएको प्रश्नमा (लक्षणहरू जस्तैः चिन्ता, उदासिनता, डर, थकान, निराशा आदि) दुई तिहाइ भन्दा बढी उत्तरदाताहरूले आफ्नो मानसिक स्वास्थ्य उच्चस्तरको रहेको महसुस गरेका छन् । उनीहरूले आफ्नो मानसिक स्वास्थ्य 'धेरै' वा 'केही हदसम्म' राम्रो रहेको उल्लेख गरेका छन् । महिला उत्तरदाताहरूको तुलनामा पुरुष उत्तरदाताहरूले उच्च मानसिक स्वास्थ्यको स्तर उल्लेख गरेका छन् । उच्च द्वन्द्व प्रभावित क्षेत्र र कम द्वन्द्व प्रभावित क्षेत्रका उत्तरदाताहरूलाई तुलनात्मक रूपमा हेर्दा कम द्वन्द्व प्रभावित क्षेत्रका उत्तरदाताहरूको मानसिक स्वास्थ्य उच्च रहेको पाइयो ।

उत्तरदाताले गरेको मानसिक स्वास्थ्यको स्तर स्वमूल्याङ्कनको अलावा अध्ययन टोलीले आघातजन्य घटनापछि देखिने तनाव *(PTSD)* को व्यापकता आँकलन गर्न क्लिनिकल उपकरणको रूपमा प्रयोग गरिएको आघातजन्य घटनापछि देखिने तनावपूर्ण अवस्थाको चेकलिस्ट *(PCL-6)* मा आधारित ६ वटा आघातजन्य घटनापछि देखिने तनाव *(PTSD)* का लक्षण सूचकहरूलाई पनि समाविष्ट गरिएको थियो । उक्त ६ वटा लक्षणहरू तीन लक्षण समूह अन्तर्गत पर्दछन् ।

- ✧ बारम्बार घटनाको अनुभूति दोहोरिरहने
- ✧ आघातको स्मरण नहोस् भन्ने उद्देश्यका लागि केही परिस्थितिहरूबाट टाढा भाग्ने
- ✧ अति उत्तेजना

यस सूचकले तलको तालिकामा प्रस्तुत गरिएबमोजिम उत्तरदाताहरूको मानसिक स्वास्थ्य अवस्था निराशाजनक छ भन्ने इङ्गित गर्दछ । करिब एक तिहाइ (३२%) उत्तरदाताहरूले *(PTSD)* लक्षणहरूको अनुभूति थ्रेसहोल्ड भन्दा माथि रहेको उल्लेख गरेका छन् ।

*तालिका १: आघातजन्य घटनापछि देखिने तनाव (PTSD) र लैङ्गिक आधार*

| | जम्मा | महिला | पुरुष |
|---|---|---|---|
| *PTSD* थ्रेसहोल्ड भन्दा उच्च | ३२ % | ३१% | ३३% |
| *PTSD* थ्रेसहोल्ड भन्दा कम | ६८% | ६९% | ६७% |
| अध्ययनमा सहभागी सङ्ख्या | १०१० | ५०३ | ५०७ |

लैङ्गिक आधारमा हेर्दा नतिजामा खास फरक देखिँदैन । यद्यपि, उच्च द्वन्द्व प्रभावित क्षेत्रमा PTSD स्तर उच्च (३७ %) पाइयो, भने कम प्रभावित क्षेत्रमा यो कम (२५ %) मात्र छ । यो नतिजा तथ्याङ्कीय हिसाबबाट पनि महत्वपूर्ण छ । उत्तरदाताहरू स्वयम्ले गरेको यो अनुमान आफैँमा उच्च हो । पश्चिम युरोपका अन्य देशसँग तुलना गर्ने हो भन्ने उक्त देशहरूमा औसतमा ०.५ देखि २.५ % सम्म मात्र व्यक्तिहरू PTSD थ्रेसहोल्डमा पुग्ने गरेको पाइन्छ ।

उत्तरदाताहरूको कमजोर मानसिक स्वास्थ्य आंशिक रूपमा सशस्त्र द्वन्द्वको प्रभाव पनि हो भन्ने सङ्केततर्फ प्राप्त नतिजाहरूले पनि इङ्गित गर्दछन् । उत्तरदाताहरूको मानसिक स्वास्थ्यमा द्वन्द्वले पारेको प्रभाव द्वन्द्वबाट प्रत्यक्ष प्रभावित व्यक्तिहरू (हिंसाको अनुभव र विस्थापित बन्न पुगेकाहरू) र उनीहरूको विद्यमान अवस्थालाई तालिका नं २ मा थप उजागर गरिएको छ । १ हजार १० जना उत्तरदाताहरू मध्ये द्वन्द्व प्रभावित ४१% उत्तरदाताहरू र द्वन्द्वबाट प्रभावित नभएका २०% मात्र PTSD थ्रेसहोल्ड भन्दा उच्च देखिन्छ ।

*तालिका २: आघातजन्य घटनापछि देखिने तनाव (**PTSD**) र द्वन्द्व अनुभवहरू*

| | जम्मा | द्वन्द्व प्रभावित | द्वन्द्वबाट प्रभावित नभएका |
|---|---|---|---|
| *PTSD* थ्रेसहोल्ड भन्दा उच्च | ३२ % | ४१ % | २० % |
| *PTSD* थ्रेसहोल्ड भन्दा कम | ६८ % | ५९ % | ८० % |
| अध्ययनमा सहभागी सङ्ख्या | १०१० | ५९८ | ४१२ |

तालिका २ मा देखाइएझैं द्वन्द्वबाट प्रभावित उत्तरदाताहरूले उच्च स्तर उल्लेख गरेका छन् । लैङ्गिक आधारमा भने यस तथ्याङ्कमा खासै फरक देखिँदैन ।

## २. सह अस्तित्वः विश्वास र त्रास

सशस्त्र द्वन्द्व र हिंसाबाट परेको अर्को दूरगामी प्रभाव भनेको व्यक्तिको विश्वास र त्रासको अनुभूतिको स्तर हो । यस सम्बन्धमा उत्तरदाताहरूको विश्वास र जोखिमका सम्बन्धमा उनीहरूको धारणा र विचारधाराहरूको आँकलन गर्न सहभागीहरूलाई लक्षित गरेर फरक प्रश्नहरू सोधिएको थियो ।

पहिलो प्रश्नमा उत्तरदाताहरूलाई वर्तमान अवस्थामा

उनीहरूले अनुभूत गरेको सबैभन्दा ठूलो खतरा वा जोखिम के हो ? भनेर सोधिएको थियो । उत्तरदाताहरूको समग्र र लैङ्गिक आधारमा प्रतिक्रियाहरू तालिका नं ३ मा उल्लेख गरिएको छ ।

*तालिका नं ३ : वर्तमान अवस्थामा अनुभूति गरेको सबैभन्दा ठूलो त्रास वा चुनौती*

| | जम्मा | महिला | पुरुष |
|---|---|---|---|
| मैले आजकल कुनै प्रकारको डर, धम्कीको अनुभुत गरेको छैन | ३४ % | ३५ % | ३३ % |
| आर्थिक सम्पन्नताको लागि सङ्घर्षरत छु | १४ % | १२ % | १७ % |
| प्राकृतिक प्रकोप | ११ % | १२ % | १० % |
| शुद्ध पिउने पानीको अभाव | १० % | १० % | १० % |
| जंगली जनावरबाट डर | ८ % | ९ % | ६ % |
| घरेलु हिंसा वा दुर्व्यवहार | ६ % | ८ % | ५ % |
| धार्मिक वा जातीय द्वन्द्व | ४ % | २ % | ६ % |
| समुदायमा पुनः हिंसा दोहोरिन सक्ने आशंका | ४ % | २ % | ४ % |
| यौनजन्य हिंसा तथा दुर्व्यवहार | ३ % | ४ % | २ % |
| अन्य | ३ % | २ % | ४ % |
| आफैंमाथि हुने शारीरिक हिंसा | १ % | ३ % | १ % |
| अपहरण | २ % | १ % | २ % |
| अध्ययनमा सहभागी सङ्ख्या | १०११ | ५०४ | ५०७ |

उक्त प्रश्नमा ३४ % उत्तरदाताहरूले अहिले कुनै पनि डर, त्रास र जोखिम छैन भन्ने उत्तर दिए । जम्मा ४% उत्तरदाताहरूले मात्र समुदायमा हिंसा दोहरिने (हिंसाको पुनरावृति) आशंका गरे । उत्तरदाताहरू ठूलो सङ्ख्याले कुनै पनि जोखिम वा त्रास छैन भन्नु शान्ति प्रक्रियाका लागि एउटा सकारात्मक सन्देश हो । उल्लेख्य सङ्ख्याका उत्तरदाताहरूले दैनिक जीविकोपार्जनका लागि सङ्घर्षरत रहेको उल्लेख गरेका छन् । यस नतिजामा लैङ्गिक आधार र द्वन्द्व प्रभावित उच्च र न्यून प्रभावित क्षेत्रका उत्तरदाताहरूको भनाइमा अत्यन्त न्यून भिन्नता छ । उल्लेखनीय रूपमा उच्च द्वन्द्व प्रभावित क्षेत्रका उत्तरदाताहरू दैनिक जीवनयापनका लागि बढी सङ्घर्षरत रहेको पाइयो ।

तालिका नं ४ मा उल्लेख गरिएझैं केही उत्तरदाताले राजनीतिक दलहरू र अन्य देशका नागरिकहरूबाट जोखिम वा असुरक्षामा रहेको महसुस गरेका छन् । यद्यपि सर्वेक्षणको विस्तृत् तथ्याङ्कले के सङ्केत गर्दछ भने तथ्याङ्क तालिकामा उल्लेख नगरिएको भएता पनि त्रास वा जोखिमताको अनुभूतिको स्तर पुरुषहरूको तुलनामा महिलाहरूमा बढी छ ।

*तालिका नं ४ : विभिन्न समूहहरूबाट त्रास वा चुनौती*

| | एक दमै धेरै | केही हदसम्म | कति पनि छैन |
|---|---|---|---|
| परिवारबाट | ८ % | २० % | ७२ % |
| छरछिमेकबाट | ४ % | ३३ % | ६३ % |
| आफु भन्दा फरक जातजातिबाट (अन्य जातजातिहरूबाट) | ७ % | ३७ % | ५६ % |
| नेपालको अन्य ठाउँमा बसोबास गर्ने व्यक्तिबाट | ११ % | ३७ % | ५२ % |
| माओवादीका सदस्य वा नेताहरूबाट | १२ % | ३० % | ५८ % |
| अन्य पार्टीका सदस्य वा नेताहरूबाट | ८ % | ३२ % | ६० % |
| सेना तथा प्रहरी | १० % | ३२ % | ५८ % |
| अन्य देशका नागरिकहरूबाट | १४ % | २९ % | ५७ % |

तार्किक रूपमा हेर्दा त्रासको अवस्था छैन भन्नु विश्वासको अवस्था हुनु हो । तसर्थ जब त्रासको स्तर कम हुन्छ । उक्त अवस्थामा हामीले उच्च सामाजिक विश्वास अपेक्षा गर्दछौं । यद्यपि नतिजाले भने एउटा जटिल तस्विर खुलासा गर्दछ । यस सन्दर्भमा अन्तर व्यक्ति सम्बन्धका आयामहरूसँग सम्बन्धित रहेर विभिन्न प्रश्नहरू गरिएको थियो । नतिजाले दुईवटा महत्वपूर्ण स्वरुपहरू सार्वजनिक गरेको छ । प्रथम, सर्वेक्षण गरिएका जिल्लामा उत्तरदाताहरूको विश्वासको स्तर एकदमै कम छ । दोश्रो, विश्वासको स्तर पुरुषहरूको तुलनामा महिलाहरूमा अझ कम छ ।

सर्वेक्षणमा तालिका नं ५ मा देखिएझैं विभिन्न लक्षित समूहप्रतिको विश्वासका सम्बन्धमा पनि प्रश्नहरू गरिएको थियो ।

*तालिका नं ५ : विभिन्न समूहप्रतिको विश्वास*

| | एक दमै धेरै | केही हदसम्म | कति पनि छैन |
|---|---|---|---|
| परिवारप्रति | ८१ % | १७ % | २ % |
| छरछिमेकप्रति | २५ % | ६७ % | ९ % |
| आफ्ना भन्दा फरक जातजातिप्रति | १७ % | ६६ % | १७ % |
| नेपालको अन्य ठाउँमा बसोबास गर्ने व्यक्तिहरूप्रति | १३ % | ५८ % | ३० % |
| माओवादीका सदस्य वा नेताहरूप्रति | ११ % | ४३ % | ४६ % |
| अन्य पार्टीका सदस्य वा नेताहरूप्रति | ९ % | ५४ % | ३७ % |
| सेना तथा प्रहरीप्रति | २० % | ५३ % | २७ % |
| अन्य देशका नागरिकहरू प्रति | ८ % | ४४ % | ४८% |

अधिकांश व्यक्तिहरूको उच्च विश्वास परिवारमा मात्र रहेको देखिन्छ भने अत्यन्त न्यून सङ्ख्यामा उत्तरदाताहरूले अन्य समूहहरूप्रति उच्च विश्वास रहेको कुरा व्यक्त गरेका छन् । नतिजाले के देखाउँछ भने लिङ्गका आधारमा नतिजामा फरक पाइयो । उल्लेख गरिएका हरेक समूहप्रति महिलाहरूले आफ्नो कम विश्वास रहेको धारणा व्यक्त गरे ।

## ३. शान्ति निर्माण संयन्त्र

शान्ति निर्माण सम्बन्धी विभिन्न संयन्त्र र प्रक्रियाहरूको सान्दर्भिकतासँग सम्बन्धित रहेर सर्वेक्षणमा विभिन्न प्रश्नहरू गरिएको थियो । तलको नतिजा मेलमिलाप र सत्य बताउने सम्बन्धमा मात्र केन्द्रित छ । पहिलो, सह-अस्तित्वमा सुधार गर्ने महत्वपूर्ण पक्ष भनेको विभिन्न प्रकारका मेलमिलाप (पुर्नमिलन) कार्यक्रमहरूको कार्यान्वयन गर्नु हो ।

उत्तरदाताहरूमध्ये करिब एक तिहाइ (३२२ व्यक्तिहरू) उत्तरदाताहरूले मात्र शान्ति निर्माणसम्बन्धी विभिन्न संयन्त्रहरूको बारेमा आफूहरू जानकार रहेको वा सहभागी भएको धारणा व्यक्त गरेका छन् ।

उनीहरू मध्ये अधिकांशले यस्ता संयन्त्रको भूमिका महत्वपूर्ण रहेको धारणा व्यक्त गरेका छन् । जसमा महिलाहरूको तुलनामा पुरुषको सङ्ख्या उच्च छ । उक्त विवरण तालिका नं ६ मा उल्लेख गरिएको छ ।

*तालिका नं ६ : मेलमिलाप कार्यक्रमहरूको महत्व*

| | जम्मा | महिला | पुरुष |
|---|---|---|---|
| एकदमै महत्वपुर्ण छ | ८३ % | ७४ % | ८८ % |
| ठिकै महत्वपुर्ण छ | १४ % | २३ % | ९ % |
| केही हदसम्म महत्वपुर्ण छ | ३ % | २ % | ३ % |
| अलिकति पनि महत्वपुर्ण छैन | ० % | १ % | ० % |
| अध्ययनमा सहभागी सङ्ख्या | ३२२ | १२२ | २०० |

मेलमिलापसम्बन्धी कार्यक्रमहरू बारे जानकार ३२२ उत्तरदाताहरूमध्ये करिब एक तिहाइ (१ सय १७ उत्तरदाताहरूले) आफूहरू शान्ति निर्माणसम्बन्धी संयन्त्रसँग सम्बन्धित कम्तीमा एक वटा कार्यक्रममा सहभागी भएको धारणा व्यक्त गरे । उनीहरू समुदायमा आधारित अन्तरक्रिया कार्यक्रम, व्यवसायिक विकास कार्यक्रम र खेलकुद जस्ता कार्यक्रमहरूमा सहभागी भएका छन् । मेलमिलापसम्बन्धी कार्यक्रममा सहभागी भएका उत्तरदाताहरू मध्ये ८३ % उत्तरदाताहरूले कार्यक्रम महत्वपूर्ण भएको उल्लेख गरे ।

मेलमिलापसँग सम्बन्धित कार्यक्रमहरूलाई अधिकांश उत्तरदाताहरूले सराहना गरेका छन् । तर पनि, कार्यक्रमका बारेमा थाहा पाउने उत्तरदाताहरूको सङ्ख्या न्यून देख्दा यस्ता कार्यक्रमहरूको अस्तित्वका बारेमा सूचना आदानप्रदानका सम्बन्धमा उल्लेख्य कामहरू गर्न आवश्यक रहेको पाइयो । सर्वेक्षणका क्रममा सत्य बताउने सम्बन्धमा पनि थुप्रै प्रश्नहरू (जस्तो कि सशस्त्र द्वन्द्वको सम्बन्धमा उनीहरूको विगतको अनुभवहरूका बारेमा बोल्ने) सोधिएका थिए । समग्र तथ्याङ्कको प्रकृति हेर्दा यो स्पष्ट हुन्छ कि व्यक्तिहरू सत्य बताउने संरचनाका बारेमा सकारात्मक छन् । द्वन्द्वको अनुभूतिहरू आदानप्रदान गर्नाले आफ्नो समुदाय र समुदाय बाहिर पनि सम्बन्ध सुधार गर्न सहयोग पुर्‍याउँछ भन्ने विचारमा उत्तरदाताहरू सहमत छन् । द्वन्द्वका क्रममा के भएको थियो र उक्त समयका अनुभूति/भनाइहरू /प्रमाणहरू जान्न पाउनु पर्छ भन्ने प्रश्नमा, तालिका ७ मा उल्लेख गरिए बमोजिम, अधिकांश उत्तरदाताहरूले समर्थन जनाएका छन् ।

*तालिका नं ७ : अनुभूति (भनाइहरू/प्रमाणहरू) संकलन गर्न जरुरी छ*

| | जम्मा | महिला | पुरुष |
|---|---|---|---|
| पुर्ण सहमत | ६९ % | ६५ % | ७३ % |
| केही हदसम्म सहमत | १९ % | २० % | १८ % |
| केही हदसम्म असहमत | ४ % | ५ % | ३ % |
| पुर्ण रूपमा असहमत | ८ % | १० % | ६ % |
| अध्ययनमा सहभागी सङ्ख्या | ९०९ | ४४२ | ४६७ |

विगतका घटनाको सत्यतथ्य जान्न व्यक्तिहरूको भनाइ महत्वपूर्ण हुन्छ ? भन्ने प्रश्नको उत्तरमा विगतका भनाइहरू सङ्कलन गर्नु पर्दछ भन्ने महिलाहरूको सङ्ख्या कम देखियो । यसले के इङ्गित गर्दछ भने यस्ता किसिमका कार्यक्रमहरू तय गर्दा महिलाहरूमा पर्न सक्ने नकारात्मक असरहरू बारे विचार पुऱ्याउन जरुरी छ ।

यसैगरी उत्तरदाताहरूलाई विभिन्न आयोगहरू र शान्ति निर्माणसम्बन्धी विभिन्न संयन्त्रहरूमा उनीहरूको सहभागिता सम्बन्धमा समेत प्रश्न गरिएको थियो । उनीहरू मध्ये केही व्यक्तिहरूले (जम्मा २०९ जना) विभिन्न आयोगहरू र शान्ति निर्माणसम्बन्धी विभिन्न संयन्त्रहरूमा आफूहरू सहभागी भएको उल्लेख गरेका छन् । उनीहरू मध्ये केही उत्तरदाताहरू एक भन्दा बढी आयोग र संयन्त्रका कार्यक्रममा सहभागी भएको बताएका छन् । छनौट सानो भएकोले सहभागीको प्रतिशत भन्दा पनि सहभागिताको सङ्ख्यालाई उल्लेख गरिएको छ ।

*तालिका नं ८ : आयोग र शान्ति निर्माण सम्बन्धी संयन्त्रहरूमा सहभागिता*

| | जम्मा | महिला | पुरुष |
|---|---|---|---|
| सत्य निरुपण तथा मेलमिलाप आयोग | ६९ | २३ | ४६ |
| स्थानीय शान्ति समिति | ६८ | २१ | ४७ |
| द्वन्द्वपीडित समिति | ६६ | २० | ४६ |
| मानव अधिकार आयोग | ६० | २१ | ३९ |
| मानव अधिकारसम्बन्धी गैरसरकारी संघसंस्थाहरू | ४८ | १३ | ३५ |
| बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग | ४५ | १२ | ३३ |
| मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय | २३ | ६ | १७ |
| समुदायमा आधारित परम्परागत (जातजातिहरूका) सङ्घ संस्थाहरू | १३ | ३ | १० |

तालिका ८ मा उल्लेख भएबमोजिम उत्तरदाताहरूको सहभागिताको सङ्ख्या क्रमशः सत्य निरुपण र मेलमिलाप आयोग, स्थानीय शान्ति समिति र द्वन्द्वपीडित समिति र मानव अधिकार आयोगमा बढी भएको पाइयो । यस्ता कार्यक्रममा सहभागी उत्तरदाताहरूको लैङ्गिक विवरण हेर्दा महिलाहरूको तुलनामा पुरुषहरूको सहभागिता उच्च देखिएको छ ।

## सुझावहरू :

१. उच्च द्वन्द्व प्रभावित क्षेत्रका महिला र पुरुषहरू स्वयम्ले स्वीकार गरेको उच्च आघातजन्य घटनापछि देखिने तनावका (PTSD) लक्षणहरूलाई आधार मान्दा द्वन्द्व र अन्य कारणबाट प्रभावित व्यक्ति, परिवार र समुदायमा तत्काल मनोसामाजिक सहयोगको आवश्यकता देखाउँछ । ती व्यक्तिहरूको मानसिक स्वास्थ्यका सवाललाई सम्बोधन गर्न सङ्घीय, प्रदेश र स्थानीय सरकारहरू, नीति निर्माताहरू, नागरिक समाज र दातृ निकायले भूमिका खेल्न जरुरी छ ।

२. निकै कम (करिब ४ %) व्यक्तिहरूले मात्र द्वन्द्वको पुनरावृत्ति हुनसक्ने त्रास वा भय रहेको बताएका छन् । यो नतिजा आफैंमा चाखलाग्दो र सकारात्मक छ । यद्यपि ३५ % उत्तरदाताहरूले सामाजिक आर्थिक तत्वहरू खासगरी आर्थिक अवस्थामा सुधार, प्राकृतिक प्रकोप र शुद्ध खानेपानीको अभाव लगायतका सवालहरूलाई उनीहरूको गुणस्तरीय जीवनको मुख्य चुनौतीका रूपमा उल्लेख गरेका छन् । यो तथ्यले के उजागर गर्दछ भने माथि उल्लेखित सवालहरू सम्बोधन गर्नका लागि सरकार र अन्य सरोकारवाला निकायहरूले सशक्त कार्यक्रम तय गरी लागु गर्न जरुरी देखिन्छ । यसका अलावा करिब ९ % उत्तरदाताहरूले उनीहरूका लागि घरेलु र यौनिक हिंसा चुनौती भएको बताएका छन् । यसबाट के स्पष्ट हुन्छ भने घरेलु र यौनिक हिंसाको न्यूनिकरण र अन्त्यका लागि महत्वपूर्ण कार्यक्रमहरू गर्नु आवश्यक देखिन्छ ।

३. विभिन्न समूह लक्षित त्रास वा जोखिमसँग सम्बन्धित नतिजाले पनि सामान्यतया कमस्तरको चुनौतीहरू भएको सङ्केत गर्दछ । यद्यपि लैङ्गिक आधारमा नतिजको विश्लेषण गर्दा पुरुषहरूको तुलनामा महिलाहरूको त्रास वा जोखिमको स्तर बढी छ । नतिजाबाट थप स्पष्ट के देखिन्छ भने समग्रतामा विश्वासको स्तर कम छ र त्यसमा पनि महिलाहरूको विश्वासको स्तर झनै कम छ । यस्तो विषयको उचित सम्बोधनका लागि

सरकार, नागरिक समाज र समुदायको पहलमा विभिन्न जातजातिकाबिचमा विश्वासको स्तर अभिवृद्धि र सामाजिक सद्भाव बढाउने खालका कार्यक्रमहरू तर्जुमा गर्नु आवश्यकता देखिन्छ । विभिन्न समूहकाबिचमा विश्वास अभिवृद्धिका लागि विभिन्न समूहहरूबिचको सम्पर्क वा सूचनाको आदानप्रदान महत्वपूर्ण देखिन्छ । यसका लागि विशेषतः व्यवसायिक,धार्मिक,खेलकुद र शिक्षा क्षेत्रका सङ्घसंस्थाहरूले खुला ढङ्गबाट सबै समूहका व्यक्तिलाई सहभागी गराइ छलफल चलाउन आवश्यक छ । विभिन्न समूहहरूकाबिचमा सम्बन्ध र सूचना आदान-प्रदान गर्ने कार्य विवेकपूर्ण तवरबाट गर्नँ पर्दछ । नेताहरूबिच समुदायमा आधारित औपचारिक र अनौपचारिक संवाद, बालबालिका र युवाका लागि शान्ति शिक्षा, समुदायको पहलमा विभिन्न जातजातिबिचमा आपसी सद्भाव तथा समाञ्जस्यताका लागि स्थानीयस्तरमा अन्तरसांस्कृतिक मञ्च र केन्द्रहरूको स्थापनाका लागि पहलजस्ता कार्यक्रम आयोजना गर्न आवश्यक देखिन्छ ।

व्यक्तिहरूबिचको विश्वास अभिवृद्धिका अलावा संस्थाहरूप्रतिको विश्वासमा सुधार गर्नँ पनि आवश्यक छ । सरकारले नागरिकप्रति विश्वास अभिवृद्धि गर्न नागरिकहरूका मागहरूको उचित सम्बोधन, नीति निर्माण प्रक्रियामा उनीहरूको सहभागिताको सुनिश्चितता र नागरिकहरूको उचित हेरचाहका लागि प्रतिबद्ध छ भन्ने विश्वास दिलाउन जरुरी छ। यस्ता कार्य प्रभावकारी रूपमा गर्न सरकारले सरकारी कर्मचारीहरू र नागरिकबिचको दूरी कसरी नजिक बनाउन सकिन्छ भन्ने कुरा आत्मसात गर्दै राजनीतिक संरचनामा पुनः विचार गर्न जरुरी छ । साथै समावेशिता र समताको सुनिश्चितता गर्न संस्थाहरूमा संरचनात्मक सुधारको आवश्यकता देखिन्छ। यसका लागि मानव अधिकार, सामाजिक विविधताबिच अन्तरक्रिया जस्ता कार्यक्रमहरूमा जोड दिनु पर्दछ ।

४. यस अध्ययनमा सहभागी उल्लेख्य सङ्ख्याका उत्तरदाताले शान्ति निर्माणका लागि मेलमिलाप कार्यक्रमको महत्वलाई औँल्याएको छ । समुदायमा रहेका विभिन्न विवादित समूहहरूलाई साझा स्थल वा एकै ठाउँमा ल्याउने खालका कार्यक्रमहरूको अभाव र मेलमिलापसम्बन्धी सचेतना एकदम न्यून रहेको उत्तरदाताले बताएका छन् ।

साथै अध्ययनले विगतमा भएगरेका मेलमिलापका कार्यक्रममा पनि व्यक्तिको सहभागिता तुलनात्मक रूपमा कम रहेको यर्थाथ समेत उजागर गरेको देखिन्छ । तसर्थ, जब भविष्यमा सत्य निरूपण तथा मेलमिलाप आयोग मेलमिलाप कार्यक्रमका साथ समुदायमा जान्छन्, त्यसबेला यस्ता कार्यक्रमहरूको बारेमा द्वन्द्व प्रभावित व्यक्तिहरूलाई राम्रोसँग सूचनाको आदान प्रदान गर्न आवश्यक छ भन्ने देखिन्छ । सचेतनाका लागि सामुदायिक रेडियो, जनताहरूसँगको अन्तरक्रिया कार्यक्रमहरू र नेपाली भाषा बुझ्न जटिल हुने क्षेत्रमा स्थानीय भाषामा सूचनाहरूको आदान प्रदान गरेर पनि गर्न सकिन्छ ।

५. अध्ययनको परिणामहरूले के देखाउँछ भने उत्तरदाताहरू सत्य बताउने प्रक्रियाहरूको समर्थन गर्दछन् । यसबाट सम्भवत समाजलाई फाइदा पुग्दछ । यद्यपि, महिलाहरू यस प्रक्रियाको समर्थनमा कम इच्छुक देखिएका छन् । त्यसकारण महिलाको सहायताका लागि महिला शोधकर्ताहरू र महिला विज्ञको संलग्नतामा मात्र महिलाहरूको विशेष सुनुवाइ संयन्त्र स्थापित गर्न उपयुक्त देखिन्छ । सुनुवाइ प्रक्रियामा महिला र पुरुषहरूहरू सहभागी हुन्छन् । उक्त प्रक्रियामा पुरुष र महिलाहरूलाई समान व्यवहार गरिनु पर्दछ र दोषारोपण कार्यलाई पूर्ण रूपमा निस्तेज गर्नँपर्दछ। यसका अलावा पर्याप्त सुरक्षा सावधानीहरू (जस्तैः साक्षी सुरक्षा) अपनाउन जरुरी छ। सबैको सुनुवाइलाई समर्थनको सङ्केत प्रदान गर्न र मूल्याङ्कनयुक्त कथनहरूलाई हटाउन महत्वपूर्ण छ भन्ने सुनिश्चित गर्नसकेमा व्यक्तिहरू आफ्नो भनाइहरू राख्न सहज महसुस गर्न सक्छन् । अनौपचारिक रूपमा आफ्ना कुराहरू राख्न सक्ने संयन्त्रको निर्माण र लिखित रूपमा पनि आफ्ना कुराहरू बुझाउन मिल्ने प्रावधान गर्नसके सत्य बताउने विषय थप सुदृढ बन्न सक्छ । व्यक्तिहरूको स्वतन्त्र इच्छाशक्तिको रक्षा गर्नु महत्वपूर्ण हुन्छ । व्यक्तिले मौनता र आफ्ना अभिव्यक्ति नराख्न उनीहरू स्वतन्त्र छन् र उनीहरूको छनौटको सम्मान गर्न जरुरी हुन्छ ।

६. शान्ति निर्माण संयन्त्रहरू र आयोगहरूमा उत्तरदाताहरूको न्यून सहभागिताको स्तरलाई मध्यनजर गर्दै यस अध्ययनले दुईवटा मुख्य सिफारिस गर्दछ । पहिलो, सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएका व्यक्तिहरूको छानविनसम्बन्धी आयोग र राष्ट्रिय मानवअधिकार आयोग जस्ता संयन्त्रहरूमा सर्वसाधारणहरू र द्वन्द्वबाट प्रत्यक्ष प्रभावित व्यक्तिहरूको सहज पहँच हुन जरुरी छ । यसका लागि यी आयोगहरूले यिनीहरूको अस्तित्व र प्रदान गरेका सेवाहरूको प्रकृति एवम शान्ति, न्याय र मेलमिलाप प्रवर्द्धनमा यिनीहरूको भूमिका बारेमा जनचेतना जगाउन

आवश्यक देखिन्छ । दोस्रो, द्वन्द्व पीडितहरू र अन्य नागरिकहरू आफ्ना गुनासाहरू, चासो र सरोकारहरू लिएर पटकपटक स्थानीय शान्ति समिति पुगेको वास्तविकतालाई मनन गर्ने हो भने स्थानीय स्तरमा द्वन्द्व पीडितहरूका गुनासोहरू र सरोकारलाई उचित सम्बोधन गर्न सही र प्रभावकारी शान्ति संरचनाको आवश्यकता देखिन्छ । साथै राष्ट्रिय मानव अधिकार आयोगमा द्वन्द पिडित र अन्य नागरिकहरूको निरन्तर भ्रमण तथा भेटघाट हुने गरेको तथ्यलाई मध्यनजर गर्दै आयोगको पहुँच र क्षमता स्थानीय तहसम्म पुऱ्याउनु जरुरी देखिन्छ ।

७. स्थानीय समुदाय आवतजावत गर्ने शान्ति निर्माणका संयन्त्रहरू भनेका स्थानीय शान्ति समिति र द्वन्द्व पीडित समिति रहेको यस अध्ययनले इङ्गित गरेको छ । स्थानीय शान्ति समितिको खारेजी भइसकेको अवस्था तथा विभाजित अवस्थामा रहेको द्वन्द्व पीडित अभियानको कारण द्वन्द्व पीडितले शान्ति निर्माणसम्बन्धी चासो र सरोकारहरू व्यक्त गर्न, छलफल गर्न र आफ्ना भनाइलाई माथिल्लो सरोकारवाला निकायहरू समक्ष पुऱ्याउन समुदायस्तरमा कुनै सशक्त संयन्त्र देखिँदैन । त्यसकारण, स्थानीय तहमा प्रदेश सरकार, स्थानीय सरकार र नागरिक समाजको पहलमा स्थानीय शान्ति संयन्त्रहरूको स्थापना गर्न अत्यन्त जरुरी देखिन्छ । दीर्घकालीन रूपमा द्वन्द्वसम्बन्धी सवालहरूलाई सम्बोधन गर्न यस्ता संयन्त्र शसक्त माध्यम वा अवसर बन्न सक्दछन् ।

## परियोजना

द जेण्डर, वार ट्रमा र पिसबिल्डिङ्ग परियोजनाले वारसँग सम्बन्धित आघात र शान्ति निर्माण प्रतिको दृष्टिकोण, द्वन्द्वपछि विश्वास र सह-अस्तित्वका जटिल सम्बन्ध (विशेषत लैङ्गिक आधारमा) हरूको अध्ययन मार्फत द्वन्द्वोत्तर शान्ति निर्माण प्रक्रियाका चुनौतीहरूका बारेमा अनुसन्धान गर्दछ । यो परियोजनाका लागि स्वीडिस अनुसन्धान परिषद् (अनुदान सङ्ख्या २०१४-३७८०) बाट आर्थिक सहायता प्राप्त भएको छ ।

## शान्ति तथा द्वन्द्व अनुसन्धान विभाग (*DPCR*)

उपशाला विश्वविद्यालय अर्न्तगत शान्ति र द्वन्द्वसम्बन्धी अध्ययन र अनुसन्धान गर्ने उद्देश्य बमोजिम सन् १९७१ मा शान्ति तथा द्वन्द्व अनुसन्धान विभाग (DPCR) स्थापना भएको हो । सशस्त्र द्वन्द्व शुरु हुनुका कारणहरू, द्वन्द्वको गतिशीलता र समाधानका उपायहरूलाई वैज्ञानिक ढङ्गबाट सम्बोधनका लागि अध्ययन र अनुसन्धान कार्यमा यो विभाग केन्द्रित छ ।

## सामाजिक परिवर्तन केन्द्र

सामाजिक परिवर्तन केन्द्र सन् २०१५ मा स्थापना भएको एउटा गैरनाफामूलक गैरसरकारी संस्था हो । यो संस्थाको कार्यालय काठमाडौँमा अवस्थित छ । यो संस्थाले एउटा सामाजिक विचार (विशेषज्ञ) समूहका रूपमा कार्य गर्दै आएको छ । नेपाली समाजको बदलिँदो सामाजिक तथा राजनीतिक परिवेशलाई आत्मसात गर्दै, यस संस्थाले शिक्षा, अध्ययन र पैरवीका माध्यमबाट समाजमा जनचेतना फैलाउने कार्य गर्दै आएको छ । यसैगरी, द्वन्द्व रूपान्तरण, शान्ति निर्माण, सुशासन, लोकतन्त्र, बसाइँ सराइ, नागरिकहरूको स्वत्रन्तता, नागरिक समाजको विकासजस्ता क्षेत्रमा यसका क्रियाकलाप केन्द्रित छन् ।

## कृतज्ञता

यस अध्ययनका लागि शान्ति तथा द्वन्द्व अनुसन्धान विभाग (DPCR) ले स्वीडिस रिसर्च काउन्सिल (स्वीडेनको अध्ययन परिषद्) स्वीडेनबाट आर्थिक सहयोग प्राप्त गरेको छ । सहयोगका लागि शान्ति र द्वन्द्व अनुसन्धान विभागका नथनेल एस्मान, कमिला लोनग्रेन, जोहान्न मारटेन्डप्रति आभारी छ ।

सामाजिक परिवर्तन केन्द्रका समीक्षा न्यौपाने, समीक्षा भट्टराई, प्रसंशा सिंखडा, रेश्मा बस्नेत, सौरभराज पन्त, दीपक दास, रमेश भट्टराई, सरस्वती राजवंशी, आशिष मगर, माया चौधरी, राजेन्द्र अधिकारी र शोभा शाहीको योगदान बिना यो अनुसन्धान सम्पन्न हुने थिएन । उहाँहरूलाई पनि धन्यवाद् ।